# बाइबलीय प्रवचन
# BIBLICAL SERMON

BY REV. DR. MANGAL MAN MAHARJAN

वर्ष ११, अंक ३ Yr. 11, Vol. 3

३

## १. कोरिन्थीको पुस्तक
१५:२९ देखि १६:२४ सम्म

१. ख्रीष्ट विश्वासीको पुनरुत्थान निश्चित छ । (१ कोरिन्थी १५:२९ - ३४)
२. परमेश्वरले ख्रीष्ट विश्वासीलाई महिमित शरीरमा पुनरुत्थान दिनु हुन्छ । (१ कोरिन्थी १५:३५ - ५८)
३. एकले अर्कोलाई अभावमा सहायता गर्नुपर्छ । (१ कोरिन्थी १६:१ - १२)
४. पावलले कोरिन्थीका मानिसलाई अर्ति दिँदै अन्तिम अभिवादन दिँदै छन् । (१ कोरिन्थी १६:१३ - २४)

सफल जीवनको रहस्य





# यो बाइबलीय प्रवचनको आवश्यकता किन ?

बाइबल आफैमा एउटा स्पष्ट र सिद्ध धर्मशास्त्र हो, जसका बारेमा धेरै व्याख्या विश्लेषण गरिरहनु आवश्यक पर्दैन । तर यो जतिको सरल र स्पष्ट छ, त्यतिकै विशाल अनि बुझ्नलाई कठिन पनि छ । यस बाइबलको बारेमा बुझ्न र बुझाउन धेरै मानिसहरूले आफ्नो जीवनको अधिकांश समय बिताएका छन् । नेपालमा पनि अहिले परमेश्वरको अनुग्रहले प्रशस्तै बाइबल स्कुल र कलेजहरू स्थापना भएका छन् र त्यहाँ पनि बाइबलकै बारेमा सिकाउने काम गरिन्छ । यो बाइबल बुझ्न सक्ने र यसका बारेमा बुझेर शिक्षा दिने मानिसहरूको भने नेपालका ख्रीष्टियन मण्डलीहरूमा धेरै नै कमि देखिन्छ । एकातिर दिन प्रतिदिन मण्डलीहरू बृद्धि हुँदैछन् भने अर्कोतिर बाइबलको शिक्षालाई बिगारेर आफ्नो मनपरी शिक्षा सिद्धान्त सिकाउने व्यक्तिहरूको प्रतिवाद गरी आफ्ना विश्वासीहरूलाई सही मार्गमा डोऱ्याउने पास्टर अगुवाहरूको पनि कमि नै छ भन्दा अतियुक्ति नहोला । वचनको सेवकाइ गर्ने इच्छा, बोझ दर्शन भएका विश्वासीहरू थुप्रै छन् । तर त्यसलाई ठीक प्रकारले सिकाउन सक्ने व्यक्तिहरू भने हाम्रा मण्डलीहरूमा एकदमै कम मात्रामा पाइन्छन् । कति विश्वासीहरूलाई बाइबलीय प्रवचन कसरी तयार गर्ने भन्ने तौर तरीका पनि थाहा छैन । मण्डलीमा भएका वचनका सेवकाइ गर्न इच्छा राख्ने अगुवाहरूलाई केही हदसम्म भए पनि सिकाउन सक्षम बनाई विश्वासीहरूको आत्मिक खाँचोलाई पूरा गर्ने यो बाइबलीय प्रवचनको मुख्य उद्देश्य हो । कतिपटक हामीले सुनेका वचनहरू कालान्तरमा विर्सन सक्छौं । तर हामीसँग लिखित प्रवचन छ भने विभिन्न समयमा त्यसलाई हेर्न सकिन्छ र अरुलाई पनि यसबाट सिकाउन सक्छौं । यसकारण पनि यस प्रकारको लिखित बाइबलीय प्रवचनको खाँचो भएको महसुस गरिएको हो र विभिन्न मण्डलीहरूका सम्पूर्ण सेवक-सेविकाहरू यसबाट लाभान्वित हुनुहुनेछ । यसले यहाँहरूको आत्मिक उन्नति र वचनको सेवकाइमा धेरै नै सहायता पुऱ्याउने छ भन्ने विश्वासकासाथ यहाँहरू समक्ष प्रस्तुत प्रवचन लिएर उपस्थित भएको छु ।

यो प्रवचन मण्डलीका सम्पूर्ण विश्वासीहरूका लागि पनि हो र विशेष गरी वचनको सेवकाइ गर्ने पास्टर-अगुवाहरूका लागि हो । यो हाम्रा मण्डलीहरूको आत्मिक खाँचोलाई पूर्ति गर्न सहयोगी बनोस् भनेर तयार गरीएको हो । यसकारण सबै मण्डलीका पास्टर अगुवाहरूले यस प्रवचनलाई कुनै संकोच नमानी चलाउन सक्नुहुनेछ । यस अघिका सबै प्रवचनहरू पाइरहनुभएकै होला भन्ने विश्वास लिएको छु । केही सल्लाह सुझाउ भएमा पठाउन नभुल्नुहोला । अब यो प्रवचन एघारौं बर्षको अंक ३ मा आइपुगेको छ र यसको निरन्तर प्रकासनको लागि यहाँहरूले प्रार्थना गरीदिनुहोला, धन्यवाद ।

**पास्टर डा. मंगलमान महर्जन**


**क्वाइनोनिया पाटन ख्रीष्टिय मण्डल**
**KOINONIA PATAN CHURCH**
पोष्ट बक्स नं. २४१५, काठमाडौं, नेपाल । P.O. Box No. 2415, Kathmandu, Nepal
Tel.: +977-01-5433842, 01-5433564
E-mail: patanchurch@gmail.com


BACK TO THE BIBLE

# १. ख्रीष्ट विश्वासीको पुनरूत्थान निश्चित छ ।
## There is sure & certaion of resurrection of belivers.

(१ कोरिन्थी १५:२९ - ३४; I Corinthians 15:29 - 34)

---

## परिचय (Introduction)

पावलले १ कोरिन्थी १५ अध्यायमा ख्रीष्टको पुनरूत्थान भएकोले ख्रीष्ट विश्वासीको अवश्य पुनरूत्थान हुन्छ भन्ने बहस गरेको छ। हामीको यदि पुनरूत्थान हुँदैन भने त हाम्रो विश्वास, आशा र सेवा ब्यर्थै भयो । त्यसो हो भने मानिस जसले खानपिन गरेर मोज-मज्जा गरेका छन् उनीहरूलाई फाइदा भयो र हामीलाई बेफाइदा भयो ।

तर पावलको बहस यो छ कि जसरी ख्रीष्ट मृत्युबाट बौरी उठ्नुभयो वा पुनरूत्थान हुनुभयो हामी ख्रीष्ट येशूमा विश्वास गर्ने पनि अवश्य बौरी उठ्छौं वा हामीलाई बौरी उठाउनुहुन्छ। जे होस् हाम्रो पनि ख्रीष्टको जस्तै पुनरूत्थान हुन्छ। पावलको बहस यही छ कि हामी ख्रीष्ट विश्वासीको अवश्य पुनरूत्थान हुन्छ ।

### १) हाम्रो बप्तिस्माले पुनरूत्थानको निश्चयता दिन्छ (१ को. १५:२९)
**Our Baptism confirms the resurrection** (I Cor. 15:29)

यहाँ पावलको बहस चरम सिमामा पुगेको पाउँछौं । पावल भन्छन्, “नत्रता मृतकका निम्ति बप्तिस्मा लिएको अर्थ के भयो ?” “मृतक जीवित नपारिने भए त तिनीहरूका निम्ति मानिसले किन बप्तिस्मा लिन्छन् ?” पावलकै अरू कुनै पत्रमा र अरूले लेखेका पत्रमा पनि मरेर गएकाहरूको निम्ति बप्तिस्मा लिएको कहीँ उल्लेख छैन । तर पावलले यहाँ यो भनाई उदृत गरेका छन् । यो पदको अर्थ बुझ्न त गाह्रो छ। हुनसक्छ कि कोरिन्थीका विश्वासीले बप्तिस्मा लिन नपाई विश्वास मात्र गरेर मरेर गएकाको निम्ति जिउँदा छोराछोरीले बप्तिस्मा लिइदिन्थ्यो । यो बप्तिस्मा लिनुको मुख्य विश्वासको कारण मरेर गएकाको पुनरूत्थान हुन्छ भनेर हो। तर यो सिद्धान्त सिकाउनु ठीक हुँदैन, किनभने यो शिक्षा कहीँ पाइँदैन ।

पावलको भनाई यो पनि हुन सक्छ, कि बितिगएका ख्रीष्टियन मित्र र परिवारका सदस्यसँग आउने भावी जीवनमा पुनर्मिलन गर्ने चाहना राखेर ख्रीष्टियन बनिसकेपछि बप्तिस्मा लिनेलाई संकेत गरे को । तर जे होस् पावलको बहस भनेको मृतकको पुनरूत्थान चाहिँ निश्चित छ । त्यही आशामा मानिस ख्रीष्ट येशूमा बप्तिस्मा लिन्छन्। किनकि बिश्वासीको आशा भनेको मृत्युपछिको पुनरूत्थान हो । यस कुरामा हामी बहस नगरौं ।

त्यसकारण प्रिय ख्रीष्ट विश्वासी दाजुभाइ तथा दिदीबहिनी निराश नहुनुहोस् बरू साहस लिनुहोस् र निश्चित हुनुहोस् कि हामी साँचो ख्रीष्ट विश्वासीको पुनरूत्थान हुन्छ ।

## २) पुनरूत्थानको विश्वासले हाम्रो जीवनमा ठूलो प्रभाव पर्छ । (१ को. १५:३०–३२)
**Our belief in the rescrrection will affect our lives.** (I Cor. 15:30-32)

पावल आफ्नो विश्वासको कारणले गर्दा र उहाँको पुनरूत्थानको प्रचारले गर्दा सधैं संकटमा, दुःखमा परेको र विरोधीहरूले सधैं खेदो भोगिरहेका थिए । पावल भन्छन् कि यदि पुनरूत्थान छैन भने किन मृत्युको खतरामा पर्ने ? बरु सकभर मोजमज्जा गरेरै बाँचौं किनभने मरेपछि केही इनाम र दण्डको न्याय छैन भने । हाम्रो भविष्यको आशा छैन भने किन दुःख भोग्ने ? र किन अरूको सेवा गर्ने ?

तर पावल भन्छन्, “भाइ हो, हाम्रो प्रभु येशूमा तिमीहरूको कारण म गर्व गर्दछु र म भन्न सक्छु कि प्रतिदिन म मर्दछु ।” कोरिन्थीको विश्वासीले अवश्य पनि पुनरूत्थानमा विश्वास गरेका थिए । त्यसकारण पावल भन्छन् कि उनी येशूमा तिनीहरूको कारण मर्दछु भनेर । पावल उनीहरूको खातिर दिन-प्रतिदिन शरिरमा मर्दै जान्छन् । उनीहरूको निम्ति मेहनत र कडा परिश्रम गरेको बुझिन्छ । पावल आफुलाई इन्कार गरेर दिनहुँ आफ्नो क्रुस उठाउँदै हिडिरहेका छन् । कोरिन्थीको मण्डली ख्रीष्टमा भएको पावलको कामको फल थियो । त्यसकारण पावल कोरिन्थीको निम्ति खुशीसित दिनहुँ मर्न पनि तयार थिए । सेवकाईको कारण पावल हरेक दिन खतरामा पर्दै थिए ।

पावल भन्छन् कि उनी एफिससमा जङ्गली जनावरसँग लडेको के फाइदा भयो र ? यदि मृतक जिवित नहुने भए त “हामी खाऔं र पिऔं, किनभने हामी त भोलि मरिहाल्छौं ।” पुनरूत्थान छैन भने ख्रीष्टको लागि किन आफैलाई आपतमा पार्ने वा दुःख भोग्ने ? खास पावल एफिससमा “जङ्गली जनावरसँग लडेको” भनेको खासमा उनको बिरुद्ध मानिस जङ्गली जनावर जस्तै आइ लागेका थिए । पावलले अवश्य मानिसबाट ठूलो दुःख, बिरोधको सामना गर्नुपरेको थियो । यी सबैको कारण पावलले पुनरूत्थानको बारेमा शिक्षा दिँदै आइरहेका थिए । किनभने येशू ख्रीष्टमा विश्वास गर्नेको अवश्य पनि पुनरूत्थान हुन्छ । पावलको पूर्ण विश्वास थियो र छ कि ख्रीष्ट विश्वासीको अवश्य पुनरूत्थान हुनेछ ।

यदि हाम्रो पुनरत्थान नहुने हो त नास्तिक बरु ठिक ठहरिन्छ र उनीहरूले मोज मज्जा गरेकोको फाइदा हुन्छ । तर दुःखसँग सेवा गर्ने काम बेकारको हुन्छ । न्याय र भलाईको पनि मतलब रहेन । मानिसले अरूलाई अन्याय गरेर “जसको शक्ति उसको भक्ति” भन्ने उखान ठिक ठहरिन्छ । आफै खाउँ, आफै बाँचौं र मोज मज्जा गरौं । अरु कसैको भलाई गर्नुपर्दैन । किनभने त्यहाँ स्वर्ग र नरकको न्याय छैन ।

तर यी सबै झुठाविचार हुन् । शैतानको काम भनेको मानिसलाई परमेरश्वरबाट अलग गराउनु

हो। उसले ठीक शिक्षाबाट बन्चित गराउँछ। त्यसकारण हामी ठीक शिक्षामा विश्वास गरौं। हाम्रो अवश्य पनि पुनरूत्थान हुनेछ। त्यसकारण असल गरौं र भविष्यको आशा राखौं।

## ३) खराब संगतले हाम्रो चरित्र विगार्छ । (१ को. १५:३३-३४)
## Bad company destroys our characters. (I Cor. 15:33-34)

पावलले यहाँ अब कोरिन्थीका ख्रीष्ट विश्वासीलाई अर्तिको आज्ञा दिँदैछन् । पावल भन्छन्, "भ्रममा नपर" "Do not be misled." कसैको बहकाइमा, बेठिक शिक्षा बा बेठिक (Wrong) विश्वासमा लाग्नु हुँदैन। उनीहरूको कुराले हामी बहकिनु हुँदैन। हामीले ती पुनरूत्थानमा विश्वास नगर्ने मानिसले अन्त डोऱ्याउन दिनु हुँदैन।

पावलले अर्को शब्द चलाएको छ वा भनेको छ, "खराब संगतले राम्रो चरित्रलाई नष्ट पार्छ।" भन्नुको अर्थ हामी ख्रीष्टियनको पुनरूत्थान हुँदैन भनेर सिकाउनेसँगको संगतले हामी पुनरूत्थानमा विश्वास गर्नेको चरित्र, विश्वास र आशालाई नष्ट पारिदिन्छ। हामी ख्रीष्ट विश्वसीहरू, जसले पुनरूत्थानमा विश्वास गरेर स्वर्गको न्यायको आशामा र इनामको आशामा असल र भलाई काम गर्नेहरूको मन विगारीदिन्छ। उदाहरणः नेपाली उखान वा भनाई छ, "संगत गुनाको फल।" भन्नुको अर्थ जस्तोसँग संगत गऱ्यो उस्तै मानिस बन्छ। जस्तैः चोरसँग संगत गऱ्यो भने सज्जन मानिस पनि चोर नै बन्छ। चोरको गुण, स्वभाव वा चरित्र सज्जन मानिसमा पनि सर्छ। उसको लाज शर्म, इमान्दारिपन, सत्य बोल्ने सबै नष्ट पारिदिन्छ। अलिअलि गर्दै उसको असल चरित्र सबै नष्ट पारिदिन्छ र उसमा झुठ, असत्यता, ठगाहापन, बेइमानी, आदिले भरिदिन्छ। शुरुमा त "नाई, म गर्दिनँ" भन्ला, तर पछि पछि सानो सानोबाट शुरु गर्दै ठूलो-ठूलोमा झुठ बोल्न लगाउँदै जान्छ।

पावल भन्छन्, कि पुनरूत्थानमा विश्वास नगर्नेसँग संगत नगर्नू । मृत्युपछि आशा नहुनेले कसैको डर भय नमानिकन खाँदै, पिउँदै र रमाइलो गर्दै, मोज गर्दै जीवन बिताउँछन्। तिनीहरू नास्तिक हुन्। तिनीहरू सांसारिक र शारिरीक जीवन जिउँछन्। तिनीहरू अहिलेको सांसारिक जीवन मात्र सोच्छन्। चिहानसम्म मात्र सोच्छन्। तर हामी त चिहानपछिको जीवनको आशा राख्ने मानिस हौं। त्यसकारण ख्रीष्टमा विश्वास नगर्ने मानिसले हाम्रो विश्वास र आशालाई नबिगारोस्। हामी होशियार रहौं।

पावल भन्छन् "होशियार होऔं।" अथवा "होशमा होओ। अब उपरान्त पाप नगर।" प्रभु येशूले दिनुभएको पुनरूत्थानको शिक्षा र विश्वासमा फर्केर आओ वा शिक्षालाई सम्झ भनेर पावलले भनेका हुन्। पुनरूत्थानमा विश्वास नगर्नु भनेको पाप कर्म हो अथवा पाप गर्नु हो। जुन शिक्षा पाएको थियो येशूबाट, पावलबाट र अरू प्रेरितहरूबाट कि ख्रीष्ट येशूको पुनरूत्थान हुन्छ र उहाँमा

विश्वास गर्नेहरु पनि पुनरूत्थान हुन्छन् । यस कुराको ज्ञान नभएका र पुनरूत्थानलाई इन्कार गर्नेहरूमा परमेश्वरको ज्ञान छैन, भन्नुको अर्थ परमेश्वरका ज्ञान पाएकाले येशूको पुनरूत्थानलाई स्वीकार गर्छन् र विश्वास गर्छन् । किनकी यो परमेश्वरको योजना थियो । परमेश्वरको योजना, ईच्छा र पुनरूत्थानको सत्यता बुझ्नु नै परमेश्वरको ज्ञान हुनु हो ।

पावलले यो भन्नुको अर्थ कोरिन्थीका विश्वासीलाई लाजमा पार्नलाई हो भनेर पावल लेख्छन् । कोरिन्थीका विश्वासी त अवश्य पनि पुनरूत्थानमा विश्वास गर्थे, तर कतिले विश्वासमा शंका गरिरहेका थिए । कति मानिसले पुनरूत्थानको विरुद्धमा बहस गरिरहेका थिए । कति कोरिन्थीयन पुनरूत्थानको विरुद्धमा विश्वास गर्नतिर लागेका थिए । यो ठूलो परीक्षा थियो । पावलले उनीहरूलाई ती पुनरूत्थानमा विश्वास नगर्नेसँग मिलाएर गाली गरिरहेका थिए । परमेश्वरको ज्ञान नभएको मानिस भनेर पावलले उनीहरूलाई भनेकोलाई उनीहरूलाई शर्ममा पारिरहेको थियो । कति पल्ट हामीलाई पनि बेठिक विश्वासमा मुछिएका छौं भने शर्ममा पर्ने गरी गाली गर्नुपर्ने हुन्छ । लाजमा पर्नेगरी नभनेसम्म हाम्रो होस खुलेको हुँदैन ।

हाम्रो विश्वास अवश्य पनि पुनरूत्थानमा छ । हामी शंका नगरी उहाँको पुनरूत्थान भएको विश्वास गरी हाम्रो पनि पुनरूत्थान हुन्छ भनी जानी सेवा गर्दै जाऔं । हाम्रो दुःख कष्ट, सेवामा प्रभुले अवश्य पनि इनाम दिनुहुन्छ ।

## निष्कर्ष (Conclusion)

अब हामी सारांशमा फेरि एकचोटी मुख्य मुख्य बुँदा सम्झौं । हामीले हेरौं मुख्य कुरा कि हामी विश्वासीको पुनरूत्थान निश्चित छ । यसको मुनि हामीले तीनवटा बुँदा हेऱ्यौं, ती हुन्:

**पहिलो कुरा** - हाम्रो बप्तिस्माले हाम्रो पुनरूत्थानको प्रमाण र निश्चयता दिन्छ ।

**दोस्रो कुरा** - पुनरूत्थानको विश्वासले हाम्रो जीवनमा ठूलो प्रभाव पर्छ ।

**तेस्रो कुरा** - खराब संगतले हाम्रो चरित्र विगार्छ ।

पुनरूत्थानमा विश्वास नगर्नेसँग संगत गऱ्यो भने हाम्रो विश्वास र आशालाई पनि बिगारिदिन्छ र अनि हामी पनि आशा, विश्वास नभएका मानिसजस्तै संसारिक र शारिरीक मोज मज्जा मात्र गर्न लाग्ने हुनेछौं । स्वार्थी र लोभी हुनेछौं । अरूको भलाई नगर्ने हुन्छौं, किनभने हाम्रो भविष्यको इनामको आशा हराइसकेका हुन्छौं । त्यसकारण प्रभुको शिक्षामा विश्वास नगर्नेसँग गहिरो संगत गर्नुहुँदैन । बरु हामी सधैं ख्रीष्ट येशूको शिक्षामा लागिरहनुपर्छ र पुनरूत्थानमा विश्वास गर्नेसँग हामी सधैं संगत गर्नुपर्छ । ख्रीष्ट येशूको पुनरूत्थान भएकोले हामी ख्रीष्ट विशवासीको पनि पुनरूत्थान हुन्छ । यो कुरा निश्चित छ । यही आशामा असल काम गर्दै जाउँ ।

# २. परमेश्वरले खीष्ट विश्वासीलाई महिमित शरीरमा पुनरूत्थान दिनुहुन्छ ।

## God gives us glorious resurrected body.

(१ कोरिन्थी १५:३५ - ५८; I Corinthians 15:35 - 58)

---

## परिचय (Introduction)

पावलले २ कोरिन्थी १५ अध्यायभरि नै पुनरूत्थानको विषयमा बहस गरेका छन् । खीष्टको पुनरूत्थान नै  हामी खीष्ट विश्वासीको पुनरूत्थानको प्रमाण हो । कोरिन्थीका विश्वासीमा पुनरूत्थानको विषयमा विभिन्न प्रश्न थिए । अनि पावलले त्यही विभिन्न प्रश्नको जवाफ दिँदै र उदाहरण दिँदै पुनरूत्थानको विषयमा बुझाउँदै गइरहेका छन् ।

यो खण्डमा पावलले बुझाउँदैछन्, कि परमेश्वरले खीष्ट विश्वासीलाई महिमित शरीरमा पुनरूत्थान दिनुहुन्छ वा गर्नुहुन्छ । अब हामी केही बुँदा एक एक गरी हेरौं ।

### १) हाम्रो शरीर महिमित शरीरमा पुनरूत्थान हुन्छ । (१ को १५:३५-४४)

**Our body will be resurrected in glorious body.** (1 Cor. 15:35-44)

कोरिन्थीका विश्वासीको पुनरूत्थान विषयमा प्रश्न थियो । पावल आफैले त्यो प्रश्न राखेर उत्तर दिँदै गएको हामी पाउँछौं । पावल प्रश्न राख्छन् , "मृतक कसरी पुनर्जीवित हुन्छन् र तिनी कस्ता किसिमको शरिर लिएर आउनेछन् ?" यस्तै प्रश्न अहिलेको कति खीष्टियनको पनि हुन सक्छन् । यो रहस्यमय पुनरूत्थान शरीर कस्तो हुन्छ होला ? लङ्गडो मानिस, अन्धो मानिस, वा अपाङ्ग मानिस मरेको छ भने कस्तो शरीरमा पुनरूत्थान हुन्छ होला ? कालो मान्छे, गोरो मान्छे, पुड्को मन्छे, आदि मरेको छ भने फेरि बौरी उठ्दा कस्तो शरीर र रङ्गमा पुनरूत्थान गराइन्छ होला ? बच्चा हुँदा मर्‍यो भने र बुढो भएर मर्‍यो भने कस्तो अवस्थामा शरीर दिन्छ होला ? यस्तै धेरै प्रश्न मानिसमा छन् ।

पावलले यसरी बुझाएका छन्, कि यो प्रश्न मूर्ख प्रश्न हो । पावलले बुझाउन खोजेको व्याख्या वा उदाहरण हामीलाई चित्त बुझ्छ कि बुझ्दैन होला वा हामी बुझ्छौं कि बुझ्दैनौं होला । पावल यसरी बुझाउँदै जान्छन् ।

पावलले एउटा बिउको उदाहरण दिएर बुझाउँदै छन् । जब बिउ छरिन्छ वा बिउ रोपिन्छ त त्यो बिउ मर्नुपर्छ अनि मात्र अर्को बिरूवा निस्कन सक्छ । येशू प्रभुले पनि गहुँका दाना

भुईमा परेर मरेन भने अर्को विरूवा आउन सक्दैन भनेर शिक्षा दिनुभयो । जब हामी बीउ छर्छौं, तब पछि बीउ नै ठूलो हुँदै आउँदैन तर बोट निस्कन्छ । हाम्रो पुनरूत्थान भएको शरीर पनि त्यस्तै हुनेछन् । जब हामी बीउ जमीनमा रोप्छौं, तब एक प्रकारले लाशलाई जस्तै हामी त्यो बीउलाई गाड्छौं । त्यो बीउ चाहिँ एक किसिमले मर्छ, त्यो नष्ट हुन्छ । तर पछि बीउबाट नयाँ जीवन आउँछ । हाम्रो आत्मिक जीवन यस्तै हुन्छ । हाम्रो पुरानो पापी मनुष्यत्व बीउ जस्तै मर्नुपर्छ । अनि मात्र हामी नयाँ महिमित शरीरमा जीवन पाउँछौं । हाम्रो जीवन (शरीर) मरेपछि लाश चाहे जलाइएको होस् चाहे गाडिएको होस्, त्यसमा केही फरक हुँदैन । लाशलाई जे गरे पनि हामी नयाँ महिमित शरीर पाउनेछौं । अहिले हामी बीउ जस्ता छौं तर पछि एकदमै फरक बिरूवाको रूपमा पाउँछौं । हामी ठूलो मानिस जसले गहुँ वा मकै रोपेर बिरूवा उम्रेको देखेकाले मात्र बीउ देख्ने बित्तिकै बिरूवाको कल्पना, वा बोट कस्तो हुन्छ भन्ने कुरा देख्न वा सोच्न सकिन्छ । परमेश्वरलाई मात्र हाम्रो बोटरूपी भविष्यको जीवन देख्न सकिन्छ वा बुभ्न सकिन्छ । गहुँ वा मकैको बोट वा बिरूवा कस्तो हुन्छ भन्ने कुरा सानो बच्चाहरूलाई थाहा हुँदैन वा अनुमान गर्न सक्दैन । त्यस्तै हामीलाई पनि हाम्रो पुनरूत्थानको जीवन कस्तो हुन्छ बुभ्न गाह्रो छ । अहिले हामी बीउको आकार वा रूपमा छौं । हाम्रो उम्रेको बीउ पछिको विरूवारूपी महिमित शरीर कस्तो हुन्छ भन्ने कुरा त्यतिबेला मात्र हामी बुभ्छौं र देख्छौं । त्यतिबेलाको पुनरूत्थानको जीवन बीउको अवस्था भन्दा अति सुन्दर र श्रेष्ठ शरीर पाउने छौं ।

परमेश्वरले हरेक खीष्ट विश्वासीलाई एउटा नयाँ शरीर दिनुहुनेछ । बीउ र फलको बोट दुबै दिने उहाँ नै हुनुहुन्छ । परमेश्वरले आफुलाई खुशी लागे अनुसार हरेकलाई एउटा शरीर दिनुहुन्छ । उदाहरणः मकैको बोट सानो-ठूलो, कति घोगा हुने आदि परमेश्वरले निर्णय लिनुहुन्छ । सबै विरूवा एकै नाशको हुँदैन, तर भिन्ना भिन्नै हुन्छ ।

बिउ र बिरूवाको उदाहरण कोरिन्थीका खीष्ट विश्वासीले अवश्य पनि देखिराखेको र आफै पनि रोप्दै र फल खाँदै आइरहेका थिए । उनीहरूले अवस्य पनि अब पुनरूत्थान बारे बुभ्यो होला । हामीले आज पुनरूत्थानको जीवन कस्तो हुनछ भन्ने कुरा कति बुभ्यौं ?

हामी सबैको शरीर एकै किसिमको हुँदैन भन्ने कुरा बुभ्राउन पावलले उदाहरण यहाँ पशुपंक्षीको दिएका छन् । हरेकको आफ्नै आफ्नै महत्व छ । मानिसको शरीर एक किसिमको र जीवजन्तुको अर्कै किसिमको, चराको अर्कै किसिमको र माछाको अर्कै किसिमको शरीर हुन्छ ।

त्यस्तै शरीर पनि स्वर्गीय र पार्थिव हुन्छन् । स्वर्गीय शरीरको तेज एक किसिमको छ र पार्थिव शरीरको तेज अर्कै किसिमको । हाम्रो पार्थिव शरीर भनेको नाशमान शरीर हो । यो शरीर कुहिएर जान्छ । तर हाम्रो पुनरूत्थानको नयाँ आत्मिक जीवन परिवर्तित महिमित शरीर

हुन्छ, जुन शरीर कहिल्यै पनि नाश हुँदैन । किनकि यो आत्मिक महिमित शरीर अनन्तको हो । यो आत्मिक महिमित शरीर प्राकृतिक नियम र समयले केही असर पार्न सक्दैन । यो पुनरूत्थानको शरीर अहिलेको संसारमा रहँदाको मासु र रगतको शरीर भन्दा हामीले सोचेको भन्दा धेरै फरक हुनेछ । हाम्रो आत्मिक शरीर कहिल्यै पनि कमजोर हुँदैन; कहिल्यै बिरामी हुँदैन र कहिल्यै मर्दैन पनि ।

## २. पहिलो आदम जीवित प्राणी भयो भने दोस्रो आदम येशू ख्रीष्टबाट अनन्त जीवन आयो । (१ को १५:४५-४९)

**The first Adam became living being, but the last Adam Jesus Christ became life giver.** (1 Cor. 15:45-49)

यहाँ पावलले बुझाउन खोजेको कुरा यो हो, कि पहिलो मानिस आदमलाई परमेश्वरले माटो बाट बनाउनु भयो र नाकमा जीवनको सास फुकिदिनुभयो र जीवित प्राणी भयो । पछि आदमले परमेश्वरको आज्ञा उल्लंघन गरेर पाप गर्‍यो र मृत्यु शुरु भयो । मानिस जाति सबै पहिलो मानिस आदमका सन्तान भएकोले सबैजना पापी छन् र मृत्यु भोगिरहेका छन् । “अन्तिम आदम (दोस्रो आदम) जीवन दिने आत्मा भयो” अन्तिम आदम भनेको ख्रीष्ट येशू हुनुहुन्छ । किनभने ख्रीष्ट मृत्युबाट बौरी उठ्नुभएको छ । अनि उहाँ नै जीवन दिने आत्मा हुनुहुन्छ । ख्रीष्ट येशू आत्मिक जीवनको स्रोत हुनुहुन्छ । यो जीवन पुनरूत्थानमा अनन्तको लागि प्रकट गर्नुहुन्छ । जब ख्रीष्टियनको पुनरूत्थान हुन्छन् तब परमेश्वरले ती जीवन अनन्तको जीवनमा रुपान्तरण गर्नुहुन्छ । यो रुपान्तरित महिमित अनन्तको जीवन अनुमान गर्न वा बुझ्न गाह्रो छ । जस्तो पावलले उदाहरण दिएका छन्; एउटा मकै वा गहुँको बीउ उम्रेको विरूवासँग तुलना धेरै फरक देखिन्छ । कहाँ एउटा सानो बिउ कहाँको ठूलो पात र डाँठभएको विरुवा । बच्चाहरूले बुझ्न सक्दैन यो कुरा । त्यस्तै हामीलाई पुनरूत्थानपछिको जीवन बुझ्न गाह्रो छ ।

पावल भन्छन् ४७ पद देखि मुनि, आदम माटोबाट बनाइएको थियो । ख्रीष्ट पवित्र आत्माबाट जन्मनुभयो । उहाँ स्वर्गबाटको हुनुहुन्छ । आदमबाट हामी आफ्ना संसारीक अथवा माटोले बनाइएको शरीर पाउँछौं । ख्रीष्टबाट हामी स्वर्गीय शरीर पाउनेछौं । यो संसारिक शरीर पहिलो आदमबाटको छ, तर पुनरूत्थान पछि ख्रीष्ट जस्तै अनन्तको जीवन पाउँछौ ।

## ३. रगत र मासुको शरीर लिएर स्वर्ग जान पाउँदैन । (१ को १५:५०-५८)
**The flesh & blood cannont inherit the kingdom of God.**
(1 Cor. 15:50-58)

यो भौतिक शरीर लिएर हामी कोही पनि परमेश्वरको राज्यमा पस्न पाउँदैन । विनाश हुने शरीर लिएर अविनाशको हकदार हुन सक्दैन । विनाश हुने शरीर यसै संसारमा छोड्नुपर्छ तर अविनाशको आत्मा जसलाई ख्रीष्ट येशूले सजीव पार्नु भएको छ, त्यो मात्र स्वर्गको राज्यको हकदार हुन सक्दछ । यो मासु र रगतको शरीर पापपूर्ण छ । किनभने हामी सबै पापी छौं । हामी मानिस जाति सबै आदमका सन्तान हौं । आदमले पाप गरेको कारणले हामी उहाँका सन्तान पनि पापी नै भएका छौं । पापको ज्याला मृत्यु हो । त्यसकारण आज मानिस मर्दैछन् ।

तर ख्रीष्ट येशू पापी मानिसलाई नयाँ जीवन दिन आउनुभयो । जस जसले येशू ख्रीष्टलाई मुक्तिदाता भनी विश्वास गर्छन् उनीहरूलाई उहाँले अनन्त जीवन दिनुहुन्छ र मानिसको पाप पनि क्षमा गर्नुहुन्छ । प्रभु येशूमा विश्वास गर्ने मात्र स्वर्ग जान पाउँछन् ।

पावल हामीलाई एउटा रहस्यको कुरा बताउँछन्, ती हुन् हामी ख्रीष्टमा विश्वास गर्नेहरूलाई उठाइ लानेछन् । त्यति बेला बाँचिरहेका ख्रीष्ट विश्वसीको एकै क्षणमा र आँखाको एक निमेषमा, तुरहीको आवाजमा हाम्रो शरीर परिवर्तन गर्नुहुनेछ । हाम्रो रगतको र मासुको शरीरलाई महिमित पापरहित शरीरमा परिवर्तन हुनेछ । त्यो समयमा मृतक पनि अविनाशी शरीरमा जीवित हुनेछन्, हामी सबैलाई ख्रीष्ट विश्वासी मरेका र त्यो समयसम्ममा जीवित रहेका आकाशमा उठाइ लानुहुनेछ, जसलाई अँग्रेजीमा च्बउतगचभ भनिन्छ । पावल भन्छन् कि यस विनाशी स्वभावले अविनाशी र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ । जब घटना घट्छ तब लेखिएको त्यो वचन पूरा हुनेछ, “मृत्यु विजयमा निलिएको छ ।” “ए मृत्यु, तेरो विजय कहाँ ? ए मृत्यु तेरो खील कहाँ ? मृत्युको खील पाप हो र पापको शक्ति व्यवस्था हो ।”

प्रभु येशू ख्रीष्टले मृत्युलाई निलिदिनु भयो । मृत्युलाई सधैंको निम्ति हराइदिनुभयो । ख्रीष्ट येशू मृत्यु माथि विजय हुनुभयो । मृत्युको खील जो पाप थियो सबैलाई प्रभु येशूले विष खाई पचाइ दिनुभए जस्तै मृत्युलाई पचाईदिनुभयो । अब ख्रीष्ट येशूमा विश्वास गर्नेलाई मृत्युले छुन पाउँदैन, किनकी मृत्युको खील पापलाई र पापको शक्ति व्यवस्थालाई ख्रीष्ट येशूले आफ्नो जीवनमा लिएर क्रुसमा टाँगिदिनुभयो । अब पापले हामीलाई छुन सक्दैन ।

हामीले परमेश्वरलाई धन्यवाद दिनुपर्छ आज, किनभने प्रभु येशू ख्रीष्टद्वारा हामीलाई विजय दिनुभएको छ । अब हामीले पापको ज्याला मृत्युदण्ड-सजाय भोग्नुपर्दैन । हाम्रो पापको मूल्य ख्रीष्ट येशूले तिरिदिनुभएको छ ।

यसकारण पावल हामीलाई उत्साह दिएर भन्छन्, "यसकारण मेरा प्रिय भाइ हो, स्थिर र अटल रहो । प्रभुको काममा सधैं बढ्दै जाओ किनकि तिमी जान्दछौं, कि प्रभुमा तिमीको परिश्रम व्यर्थ हुँदैन ।" यो उत्साहका वचनमा हामी साँच्चै स्थिर र अटल रहनुपर्छ । किनभने हाम्रो पुनरूत्थान हुन्छ र हामीलाई उहाँले इनाम पनि दिनुहुन्छ । हाम्रो भविष्यको पुनरूत्थानको आशा भएकोले र स्वर्गमा इनामको आशा भएकोले हामी प्रभुको काममा बढ्दै जानुपर्छ । हामीले हरेश खानु हुँदैन । हाम्रो न्यायकर्ता हाम्रो मुक्तिदाता येशू ख्रीष्ट हुनुहुन्छ । उहाँले दूधको दूध र पानीको पानी छुट्याउनु हुन्छ । हाम्रो कामको इनामको बारेमा यताउता होला भनेर शंका नै गर्नु पर्दैन । उहाँले एकदम ठीकसँग न्याय गरी इनाम दिनुहुन्छ । त्यसकारण यस संसारमा नतिजा तुरुन्तै नदेखे तापनि र नपाए पनि पुनरूत्थानमा हामी हाम्रो परिश्रमको फल अवश्य पनि पाउने छौं ।

## निष्कर्ष (Conclusion)

परमेश्वरले हामी ख्रीष्ट येशूमा विश्वास गरेकालाई महिमित शरीरमा पुनरूत्थान दिनुहुन्छ । ख्रीष्ट येशू अन्तिम आदम वा दोस्रो आदमले पापी मानिसलाई जीवन दिने आत्मा बनेर आउनुभयो । उहाँद्वारा हामीले अनन्त जीवन पाएका छौं । पहिलो मानिस आदमबाट मृत्यु पायौं । पहिलो आदम प्राकृतिक मानिस मात्र थिए । जसले पाप गऱ्यो मृत्यु शुरु भयो ।

मासु र रगतको पापपूर्ण शरीर जुन बिनाशी शरीर हो, त्यसलाई लिएर स्वर्ग जान सक्दैन । किनभने स्वर्गमा त अविनाशी मात्र जान पाउँछ । हाम्रो आत्मा मात्र स्वर्ग जान पाउँछ । हामी मानिस जातिलाई ख्रीष्ट येशूले पुनरूत्थानमा महिमित शरीर दिनुपर्छ ।

# ३. एकले अर्कोलाई अभावमा सहायता गर्नुपर्छ ।

## We need to help eachorther while someone is in need.

(१ कोरिन्थी १६:१ - १२; I Corinthians 16:1 - 12)

## परिचय (Introduction)

पावलले १५ अध्यायको ५८ पदमा जुन भनेको कि प्रभुमा अटल र स्थिर रहेर प्रभुको काममा सधैं बढ्दै जानुपर्छ । प्रभुमा गरेको काम कुनै व्यर्थ हुँदैन वा खेर जाँदैन । पावल कोरिन्थीका ख्रीष्टियनहरूलाई भर्खर भनिसिध्याएको कुरा “असल काम कहिले व्यर्थ हुँदैन” भन्ने कुरा अब व्यवहारमा लागु गर्नलाई पावलले निवेदन गर्दैछन् । येरुशलेम मण्डली परिवारलाई खानपिनमा सहायता र उनको आफ्नै यात्राको लागि पनि सहायताको अनुरोध गरिरहेको छ ।

### १) येरुशलेम मण्डलीको निम्ति भेटी उठाउन अनुरोध गरिरहेका छन् । (१ को. १६:१–४)

**Paul is requesting Corinthian believers to collect offering for Jeresulem Chruch people** (I Cor. 16:1-4)

येरुशलेमका ख्रीष्टियन दाजुभाई धेरै गरिब थिए । उनीहरू घटीकमी र अभावमा थिए । यरुशलेममा अनिकाल पनि परेको थियो । यहुदी ख्रीष्टियनलाई अख्रीष्टियन यहूदीले पनि धेरै दुःख दिएका हुन सक्छ । यो पत्र लेखेका समय भन्दा १२ वर्ष पहिला येरुशलेममा ठूलो अनिकाल परेको थियो । त्यतिबेला पनि बर्नवासले मण्डली-मण्डलीबाट उठाएको चन्दाको दान येरुशलेममा पुऱ्याइदिएका थिए (प्रे. ११:२८-३०) । अब फेरि पावलले मासेडोनियामा (ग्रीसको उत्तरी भाग) र अखैयामा (ग्रीसको दक्षिणी भाग) भएका मण्डलीबाट उठाइएको चन्दा भेटी येरुशलेममा बस्ने विस्वासीलाई पठाउन लागेका थिए । कोरिन्थी शहर अखैयामा पर्छ ।

पावलले गलातियाका मण्डलीलाई पनि भेटी उठाउन अनुरोध गरेका थिए । यही कुरा सम्झाउँदै पावल कोरिन्थीका मण्डली परिवारलाई लेख्छन्, “अब सन्तका निम्ति भेटीको विषयमा गलातियाको मण्डलीलाई मैले दिएको आदेश अनुसार तिमीले गर्नू ।” के आदेश दिएको थियो त ? प्रत्येक हप्ताको पहिलो दिन उनीहरूले आ-आफ्नो कमाइ अनुसार केही धन छुट्याएर जम्मा गरिराख्नु पर्थ्यो ताकि पावल आउँदा फेरि फेरि भेटी संकलन गर्न नपरोस् ।

प्रत्येक आराधना सेवामा भेटी संकलन गर्नुपर्छ र हरेकको कमाई अनुसार, आफ्नो औकात अनुसार दिन सिक्नुपर्छ । एकै चोटी ठूलो रकम जम्मा गर्न गाह्रो हुन्छ । त्यसकारण

हरेक आराधना सेवामा आफ्नो कमाइ अनुसार अलि अलि छुट्याउँदै राख्नुपर्छ । हाम्रो कमाई कति छ ? बढी छ भने अलि बढी नै दिन सिकौं । एक सक्षम मण्डली परिवारले घटीकमीमा रहेका मण्डली परिवारलाई सहायता गर्नुपर्छ । कहिले कसलाई के पर्छ भन्न सकिदैंन । हामीलाई पनि कुनै दिन खाँचो पर्न सक्छ । उदाहरणः बाढी-पहिरो, भूकम्प, अनिकाल, आगो लागी, आदि । भेटी र दशांश दिने त हामी ख्रीष्टियनको चलन, कर्तव्य र स्वभावै हो । आपत विपदमा त्यो भन्दा बढी पनि हामीले दिन सिक्नुपर्छ । प्रभुले दिनेलाई दिनुहुन्छ । दिने कहिले पनि गरिब हुँदैन र घटीकमीमा हुँदैन । प्रभुले प्रशस्त मात्रामा आशिष् खन्याई दिनुहुन्छ ।

३-४ पदमा पावल भन्छन् कि पावल त्यहाँ पुगेर भेटी संकलन गरिसकेपछि उनीहरूले चाहेको मानिसलाई परिचय पत्र दिएर उनीहरूको भेटी येरुशलेम पठाउन सकिन्छ । पावल आफैले त्यो भेटी लानुपर्छ भन्ने छैन । पावल भन्छन् कि यदि समय मिल्यो भने र जानैपर्‍यो भने पावल उनीसँग गइदिन्छु भनेर भन्छन् । मण्डलीका नै गएर बुझाएको राम्रो हो । पावल भेटीको कुरामा सफा बसेको छ । पावललाई कसैले भेटी उठाएर खाएको दोष लगाउन सक्दैन ।

हामीले पावलबाट धेरै कुरा सिक्नुपर्छ । पैसाको कुरामा आफै सफा बस्नु असल हुन्छ । पैसाको कुरा लेनदेन गर्दा अरु कोही साक्षी बसेको राम्रो हुन्छ । सँगसँगै साथी भएको राम्रो हुन्छ । नत्रभने नभएको आरोप पनि लाग्न सक्छ । अरूलाई सहायता गर्दा झन आफुमा नराम्रो आरोप लाग्न सक्छ ।

## २) पावल कोरिन्थीको ख्रीष्टियनसँग भेट्न इच्छा गरेका छन् । (१ को. १६:५-९)

**Paul wanted to meet Corinthian Christians.** (I Cor. 16:5-9)

पावलले कोरिन्थीका विश्वासीसँग भेटघाट गर्ने इच्छा प्रकट गरेर यो पत्र लेखेको छ । पावल उनीहरूलाई उत्साह दिन चाहन्छन् । उनीहरूसँग भेटघाट गरी यरुशलेम मण्डलीका विश्वासीलाई सहायता भेटीको विषयमा पनि कुराकानी गर्न चाहेको हुनुपर्छ ।

पावललाई मासेडोनिया जानुपरेको थियो । मासेडोनिया जाँदा कोरिन्थी भएर जानुपर्थ्यो । मासेडोनिया ग्रीसको उत्तर भागमा पर्थ्यो, जहाँ थेसलोनिकी र फिलिप्पीका मण्डली थिए । एफिससबाट कोरिन्थीसम्म हिँडेर जाँदा मासेडोनिया भएर जानुपर्थ्यो । पावलले यो कोरिन्थीको पत्र लेख्दा उनी एफिससमा थिए । कोरिन्थी दक्षिण ग्रीसको अखैया भन्ने प्रदेशमा पर्थ्यो ।

पावल भन्छन् कि उनी तिनीसँग केही दिन बसेर समय बिताउन चाहेका थिए । उनी हिउँद पनि बिताउने इच्छा प्रकट गर्दै थिए । पछिको उसको यात्राको निम्ति सहायता पनि गरिदियोस् भनेर अनुरोध पनि गरिरहेका थिए । पावलको Mentoring काम एकदम राम्रो छ

। पावल जहिले पनि भेटघाट गर्न जाने, उत्साह दिने, पत्र लेखि अर्ति दिने आदि गर्न अति राम्रो । पावलबाट हामीले पनि यो पाठ सिक्नुपर्छ र अभ्यास गर्नुपर्छ । ख्रीष्टियन जीवन भनेको शिक्षा मात्र नभएर व्यवहारिक जीवन हो ।

पद ७ अनुसार पावल उनीसँग अलि लामो समयसम्म बिताउन चाहेको कुरा बताउँदै छन् । तर प्रभुको इच्छा के छ, त्यसमा भरपर्छ । पावल सधैं प्रभुको इच्छा अनुसार प्रार्थनासाथ हिँड्थ्यो । पवित्र आत्माका अगुवाईमा पावल हिँड्थ्यो ।

हामीले पनि भन्नुपर्ने र गर्नुपर्ने कुरा र कामचाहिँ यही हो कि हामीले पनि प्रभुको इच्छा खोज्नुपर्छ । अनि प्रभुको इच्छा अनुसार जीवन जिउनुपर्छ र काम गर्नुपर्छ । कति पल्ट हाम्रो लागि परीक्षा (Temptation) चाहिँ आफ्नै मनखुशीमा काम गर्ने । आफुले चाहेको नै प्रभुको इच्छा हो भनेर काम गर्ने । हामी पनि पावल जस्तै पवित्र आत्माको अगुवाई खोज्ने र आत्माप्रति संवेदनशील हुनुपर्छ ।

पद ८-९ अनुसार पावल चाँडै वा छिट्टै कोरिन्थीकहाँ जान नसक्ने कारण पावल बताउँछन् किनकी पावलको एफिससमा एउटा प्रभावशाली कामको ठूलो ढोका खोलिएको थियो । पावल सधैं सुसमाचार सुनाउने मौका खोजी गरिरहन्थ्यो । त्यो मौका एफिससमा मिलेकोले गर्दा कोरिन्थीमा जान नभ्याउने बताउँदै छन् । एफिससमा सुसमाचारको मौका भएपनि बिरोध गर्ने पनि धेरै छन् भनेर पावल भन्छन् । यो सत्य हो, कि जहाँ प्रभुको काम हुन्छ त्यहाँ बिरोध पनि हुन्छन् । यो सत्यलाई थाहा गरी निराश नभइकन हामी पनि सुसमाचार काममा लगातार रुपमा लाग्नुपर्छ । प्रभुले जब जब हामीलाई मौका दिनुहुन्छ हामीले सुसमाचार सुनाउनुपर्छ । अवरोध, बाधा र सतावट आउनुको अर्थ त्यहाँ प्रभुको काम हुँदैछन् । शैतान दुष्टले जहिले पनि परमेश्वरको काम बाधा दिन्छ र अवश्य पनि बिरोध गर्छ । यो स्वभाविक कुरा हो ।

## ३) परमेश्वरको काम उमेरले सिमित गर्दैन । (१ को. १६:१०–१२)

**God's work is not limited by age.** (I Cor. 16:10-12)

पावलले तिमोथीलाई पहिला नै कोरिन्थीमा पठाउँदैछन् । पावलले तिमोथीको सेवकाईको विषयमा उच्चस्तरले सिफारिस गर्दैछन् । पावलले तिमोथीलाई धेरै आदर गरेका छन् । तिमोथी पावलसँग धेरै नजिकमा प्रभुको सेवा गरिरहेका थिए । पावलले तिमोथीलाई आफ्नो छोरा भनेर पनि सम्बोधन गरेका छन् (१ ति. १:२) । तिमोथीले पावलको साथमा प्रभुको सेवा अर्थात् सुसमाचारको काम छोराले बाबुको सेवा गरे झैँ गरेका थिए (फिलिपी २:२२) ।

तिमोथी जवान भए तापनि पावलले तिमोथीलाई धेरै आदर गर्दथ्यो । पावलले कोरिन्थीका ख्रीष्ट विश्वासीलाई तिमोथीको विषयमा उच्च सिफारिस गरेका छन् र तिमोथीलाई सहायता गर्न पनि आह्वान गरिरहेका छन् । तिमोथीलाई स्वागत गर्न पावलले कोरिन्थीका विश्वासीलाई उत्साह दिइरहेका छन् । पावलले कोरिन्थीका विश्वासीहरूलाई जवान तिमोथीको सेवकाइको बारेमा बताइरहेका छन् । तिमोथी जवान अवस्थाबाट नै वा जवान अवस्था देखिनै प्रभुको सेवामा लागेका थिए । तिमोथीले पाष्टरीय सेवा गर्दै आइरहेको थियो । पावलले तिमोथीलाई दुईवटा पत्र लेखेका छन् । ती पत्रमा तिमोथीलाई उत्साह र सल्लाह दिएका छन् । ति पत्र १ र २ तिमोथी हुन् । तपाई तिमोथीका पत्र पढ्नुस् र पावलसितको तिमोथीको सम्बन्ध बुझ्नुहोस् ।

तिमोथीको जीवन सेवकाईबाट हामी बुझ्न सक्छौं कि सेवाकाईमा लाग्न कुनै वर्ष र उमेर को मतलब हुँदैन । अथवा उमेरले सेवकाई गर्न रोक्दैन वा छेक्दैन । जवानदेखि लिएर बुढोसम्मकाले सेवा गर्न सकिन्छ । उदाहरणः जवानमा तिमोथी, शिलास, तीतस, मर्कूस, यूहन्ना, शामुएल आदि भने, बुढोमा, नुहा, अब्राहम, दाऊद, मोशा, आदि हुन् ।

तपाईलाई जवानको बहाना छ कि बुढेसकालको बहाना छ ? कतिले भन्छन्, “म त जवान छु; मेरो अनुभव छैन, मलाई पत्याउँदैन, म त्यति बोल्न जान्दिन, आदि आदि” । अलिकति भए पनि अलि राम्रो भएपछि, तालिम लिएपछि, अनुभवी भएपछि, उमेर पुगेपछि प्रभुको सेवा गर्छु ।”

कति उमेर पुगेकाले भन्छन्, “म त बुढो भएँ, त्यति हिँड्न सक्दिनँ, डाँडाको घाम, नयाँ अथवा जवानको विचार त्यति बुझ्न सक्दिनँ, सम्झन सक्दिनँ, आदि आदि” भन्छन् र सेवकाईमा लाग्दैन ।

सेवकाईमा को लाग्छन् त? त्यो व्यक्ति, जसलाई सेवाको बोझ छ, जसले परमेश्वरको प्रेम, अनुग्रह, दर्शन, बोझ र उद्देश्य बुझेको छ, सेवकाईमा लाग्छ ।

अब प्रश्न यो छ, के तपाईले परमेश्वरको प्रेम, अनुग्रह, दर्शन र ख्रीष्टको क्रुसको मृत्युको उद्देश्य बुझ्नुभएको छ ? के तपाईं ख्रीष्ट येशूलाई नपाएका मानिस बाटो बिराइरहेको देख्नु हुन्छ ? (यूहन्ना १४:६; प्रेरित ४:१२) । अख्रीष्टियन मुक्ति नपाई मरिरहेका देख्नुहुन्छ ? गोठालो नभएका (मानिस) भेँडाजस्तो भौतारिएर बाटो विराएर हिँडिरहेको देख्नुहुन्छ ?

तपाई जुनसुकै उमेरको भएपनि प्रभुको सेवाको महत्व बुझेर सुसमाचार प्रचार काममा, शिक्षा दिने काममा, राज्य विस्तार काममा लाग्नुस् । प्रभुले तपाईलाई धेरै आशिष् दिनुहुन्छ । भविष्यमा स्वर्गमा ठूलो इनाम प्रभु येशूले दिनुहुन्छ । त्यसकारण उमेरको बहाना नबनाऔ । उदाहरणः “म जवान छु, कसले मेरो कुरा सुन्ला र?” अर्कोले भन्छ, “म त बुढो भएँ, डाँडाका घाम के गर्न सक्छु र? शरीरले साथ दिँदैन र सबै कुरा विर्सन्छु, आदि ।”

## निष्कर्ष (Conclusion)

खाँचो परेका मण्डलीलाई सक्ने मण्डलीले सक्दो सहायता गर्नुपर्छ । पछि आफुलाई खाँचो र अभाव हुँदा पनि अरूले सहायता गर्नेछन् ।

पावलले विश्वासीसँग भेटघाट गर्न इच्छा गरे जस्तै हामीले पनि नयाँ विश्वासीसँग भेटघाट गर्न जानुपर्छ । गाउँघरका विश्वासीलाई उत्साह दिन जानुपर्छ र उनीबाट आफैले पनि सान्त्वना र उत्साह लिनुपर्छ ।

परमेश्वरको काम गर्न वा सेवा गर्न उमेरले छेकबार लगाउँदैन । परमेश्वरको इच्छा, योजना, दर्शन, बोझ र उद्देश्य बुझेका सबैले प्रभुको सेवा गर्न सक्छन् । जवान र बुढो दुबैले सेवा गर्न सकिन्छ । तर दुवैको जीवन चरित्र, स्वभाव र गुण नैतिक चरित्र ठीक चाहिँ हुनुपर्छ ।

तपाई हामीले कुनै बहाना बनाउनु आवश्यक छैन र बहाना बनाउनु हुँदैन । हामी सबै जना प्रभुको सेवामा लाग्नुपर्छ । प्रभुले उहाँका सेवकहरूलाई आशिष् दिनुहुन्छ र भविष्यमा इनाम दिनुहुन्छ ।

# ४. पावलले कोरिन्थीका मानिसलाई अर्ती दिँदै अन्तिम अभिवादन दिँदैछन् ।

## Paul exhorts & gives final greeting to Corinthians.

(१ कोरिन्थी १६:१३ - २४; I Corinthians 16:13 - 24)

## परिचय (Introduction)

पावलले कारिन्थीका खीष्ट विश्वासीलाई आफ्नो व्यक्तिगत निवेदन दिइसकेपछि अब यो खण्डमा पावलले उनीलाई अन्तिम अर्ती वा आदेश दिँदैछन् । अनि विभिन्न व्यक्तिबाटको अभिवादन पावलले भनिदिएका छन् अथवा Greeting Convey गरिदिएका छन् । पत्रको अन्तिम सुझाव, सरसल्लाह अर्ती धेरै महत्वपूर्ण हुन्छ । हामीले पनि पावलको अर्तीलाई आज गम्भीर भएर लिनुपर्छ ।

## I. पावलले पाँचवटा अर्ती दिएका छन् । (१ को. १६:१३–१४)

**Paul exhorts them to do five things** (I Cor. 16:13-14)

### १) हामी सतर्क रहनुपर्छ । (पद १३)

**We need to guard ourselves** (v. 13).

पावलले कोरिन्थीका विश्वासीहरूलाई आज्ञासहितको अर्ती दिदैछन् कि उनी प्रभुको शिक्षा-सिद्धान्त, उहाँको आगमन बारे र खीष्टियन जीवनबारे सतर्क हुनुपर्छ । खीष्टियन जीवनलाई अपवित्र पार्ने धेरै कुरा बाहिरबाट र भित्रबाट पनि आइरहेका थिए । उनी आत्मिक लडाईं भूमिमा छन् । त्यसकारण उनीहरूको आत्मिक जीवनमा जहिल्यै पनि जहाँबाट पनि आक्रमण हुन सक्छ भनेर जानेर होशियार हुनुपर्छ । झुठा शिक्षाबाट होशियार हुनुपर्छ । किनभने धेरै किसिमका झुठा शिक्षालाई आइरहेका थिए । अहिले हामी पनि झुठा शिक्षाबाट होशियार हुनुपर्छ र हाम्रा मण्डली परिवारलाई पनि सतर्क बनाउनुपर्छ । हाम्रो आफ्नो सुरक्षा आफैले गर्नुपर्छ ।

### २) विश्वासमा दृढ भइरहनुपर्छ । (पद १३)

**We need to stand firm in the faith.** (v. 13)

कोरिन्थीका खीष्ट विश्वासीलाई उनीको विश्वासमा स्थिर बस वा दृढ भएर बस भनेर

पावलले आज्ञासहितको अर्ती दिएका छन् । विश्वासमा स्थिर हुनु भनेको पावलले उनीहरूलाई जे कुरा सिकाएका थिए ती कुरामा विश्वासमा स्थिर भएर लागिरहन आह्वान गरिरहेका छन् । पावलको मार्फत्बाट खीष्टको बारेमा, मण्डलीको बारेमा, मुर्तिपूजाको बारेमा, खीष्ट आगमनको बारेमा, मानिसको मृत्यु र उठाइलाने (Rapture) बारेमा जे सिकेका थिए, त्यसमा दृढ भएर लागिरहनुपऱ्यो । खीष्टको शिक्षा-सिद्धान्तमा दृढ विश्वास गरेर बस्नुपऱ्यो भन्ने पावलको अर्ती हो ।

आज बाइबलबाट जे जति शिक्षा-सिद्धान्त सिकिराखेका छौं त्यसमा हामी पनि दृढ विश्वास गरेर बस्नुपर्छ । हाम्रो विश्वासमा केही कुराले शंका नल्याओस् । हामीले विश्वास गरेको शिक्षा सय प्रतिशत ठीक हो र ठीक छ । संसारको कुनै कुराले हाम्रो विश्वासलाई ढलपल नगरोस् । संसारको कुरा फेरिरहन्छन् । कुनै पनि संसारिक शिक्षा स्थिर छैन । तर बाइबलीय शिक्षा सधैं सधैंको लागि स्थिर रहेको छ र रहनेछन् । बाइबलको शिक्षा (Universal truth) सबै समयका लागि एकैनाशको हुन्छ र छ । बाइबलीय शिक्षालाई कहिले पनि संशोधन गर्नुपर्दैन र गर्नुहुँदैन ।

## ३) हामी साहसिलो हुनपर्छ । (पद १३)

**We need to be courageous.** (v. 13)

खीष्टियन जीवन जिउन साहशी होऔं भनेर पावलले कोरिन्थीका विश्वासीले आज्ञा सहित अर्ती दिंदैछन् । खीष्टियन जीवन जिउन संसारमा सजिलो छैन । खीष्टियनलाई संसारबाट वा समाजबाट धेरै सतावट, दुःखकष्ट र घृणा आउँछ । समाजबाट, गुठीबाट (Community बाट) बहिस्कार गर्न सक्छ वा निकालिदिन सक्छ । खीष्टियन भएको कारणले धेरै किसिमको सुविधाबाट बन्चित बनाउन सक्छ । जस्तोः जारीबाट निकाल्न सक्छ, जागिरमा पद उन्नती (Promotion) बाट रोक्न सक्छ, दाजुभाइमा घरको अंश नपाउन सक्छ यस्तै यस्तै धेरै कुराका घाटा बेहोर्नुपर्ने हुन सक्छ । हाम्रो कति मण्डली सदस्यहरूले यस्तो कुरा भोग्नुपरेका छन् ।

त्यसकारण हाम्रो विश्वास, आशा, सत्य र ठीक हो भनी जानी हामीले खीष्टियन जीवन लगातार रूपमा जिउन साहस लिनुपर्छ । हामी परिपक्वतामा बढ्दै जान, प्रभुको नजिकमा रहन गाह्रो अवस्थामा पनि साहस लिएर अघि बढ्नुपर्छ र हामी भविष्यको ईनामलाई हेरेर वा विचार गरेर उत्साहित हुनुपर्छ । हामी कुनै पनि कारणले निराश हुनुहुँदैन ।

## ४) हामी ख्रीष्टमा बलियो हुनुपर्छ । (पद १३)
**We need to be strong in Christ Jesus.** (v. 13)

पावल भन्छन् कि कोरिन्थीका विश्वासी ख्रीष्टको शिक्षाको विश्वासमा बलियो होओ अथवा सामर्थी बन । विश्वासमा दृढ भैरहनु जस्तै जस्तै बुझिन्छ यो सामर्थी बन्नु भनेको पनि । जसले जेसुकै भने पनि र जस्तोसुकै परिस्थिति आए पनि प्रभुमा हामी बलियो भएर बस्नुपर्छ । प्रभुमा सधैं अगाडि बढिरहनुपर्छ । कसैले र केही कुराले हल्लाउन नसकिने गरी प्रभुमा बलियो भएर बस्नुपर्छ । हामी कसैको लोभ-लालचमा नपरी र विभिन्न किसिमको झुठा शिक्षाको सिद्धान्तको हावाले हामीलाई यताउता पार्न नसकेको होस् । यसको लागि हामी परमेश्वरको वचन बाइबल धर्मशास्त्र सधैं पढ्नुपर्छ, मनन गर्नुपर्छ र व्यवहारमा लागु गर्नुपर्छ । वचन पढाइ बिना आत्मिक रूपमा बलियो हुन सक्दैन । वचन राम्रोसँग थाहा छ भने झुठा शिक्षाले केही गर्न सक्दैन । बाइबलको ज्ञानको कमि हुनेलाई झुठा शिक्षाले आक्रमण वा हमला गर्छ र उनीहरूकोमा तानेर लान्छ । झुठा शिक्षाले लोभ लालच देखाउँछ, बाइबलका पद पनि सन्दर्भ नमिले पनि उनीहरूको शिक्षा सिद्धान्तलाई समर्थन गर्ने देखाइदिन्छ । अनि हाम्रो यताको बलियो नभएको कमजोर विश्वासीलाई सजिलोसँग उनीको शिक्षामा पल्टाइदिन्छ ।

त्यसकारण ख्रीष्टको शिक्षामा बलियो हुनुपर्छ । विश्वासमा बलियो हुनुपर्छ । त्यसको लागि बाइबल राम्रोसँग अध्ययन गर्नुपर्छ र व्यवहारमा लागु गर्नुपर्छ ।

## ५) हामीले सबै काम प्रेममा गर्नुपर्छ । (पद १४)
**We have to do everything in love. (**v. 14)

हामीले सबै काम प्रेममा, प्रेमपूर्वक गर्नुपर्छ । पावलले कोरिन्थीका विश्वासीहरूलाई आज्ञा सहित अर्ती दिन्छन् कि उनीले सबै काम प्रेममा गरोस् भनेर बाइबल मुख्य शिक्षा नै प्रेम हो र प्रेममा काम गर्नुपर्छ । प्रेम छैन भने, हामीले जतिसुकै ठूलो काम गरेपनि केही अर्थको हुँदैन । प्रेमबिनाको काम, सेवा बेकामको हुन्छ । पावलले १ को. १३ अध्यायमा प्रेमको महत्वको विषयमा राम्रोसँग, चुनौतीसहित शिक्षा दिएका छन् । पावलले पहिलो कोरिन्थीको १३:१-३ मा यसरी भन्छन्, “मैले मानिसको र स्वर्गदूतको भाषामा बोलें भने तापनि ममा प्रेम छैन भने, म हल्ला मचाउने घण्टा र झ्याइँ-झ्याइँ गर्ने झ्याली मात्र हुन्छु । मसँग अगमवाणी बोल्ने शक्ति होला र सबै रहस्य र सबै ज्ञान बुझ्न सकूँला र पहाड हटाउन सक्ने सम्मको सम्पूर्ण विश्वास मसित होला, तर ममा प्रेमचाहिँ छैन भने म केही पनि होइन । यदि मैले सारा सम्पत्ति बाँडिदिए र मेरो शरीर जलाउनलाई दिइहाले,

तर मसित प्रेम छैन भने मलाई केही लाभ हुँदैन ।”

हामीले प्रेममा अरूलाई सहायता गर्ने, प्रेममा सच्याउने, प्रेममा सेवा गर्ने गर्नुपर्छ । सबै काम प्रेममा गर्नुपर्छ । अनि मात्र हाम्रो काम सफल हुन्छ र प्रभुलाई महिमा दिने हुन्छ । अनि सेवा, सहायता पाउने व्यक्तिपनि आशिषित हुनेछन् । प्रेम छैन भने विद्रोह हुन्छ, चित्त दुखाउँछ, अशान्ति हुन्छ र परमेश्वरको महिमा हुन गएको हुँदैन ।

## II. प्रभुका सेवकहरूको अधीनमा रहनुपर्छ । (१ को. १६:१५-१८)

**We have to submit to God's serveants.** (I Cor. 16:15-18)

पावल कोरिन्थका विश्वासीलाई आग्रह गर्दछन् कि सन्तको सेवा गर्ने प्रभुको सेवकको अधीनमा बस्नु भनेर । त्यस्ता सेवा गर्नेमा एक परिवारको नाम दिएका छन् - त्यो परिवार हो स्तिफनस घराना जो अखैयामा विश्वास गर्नेमा प्रथम थिए । उनीहरूले सन्तको सेवा गरेका थिए । “सन्त” भनेको विश्वासी हुन् । पावल भन्छन् यस्ता काम गर्ने जो कोहीको पनि अधीनमा बस्नुपर्छ अथवा बसेको राम्रो हुन्छ ।

पावल यस्ता सेवा गर्ने परिवार पावलकहाँ भेट्न गएकोले पावल एकदम खुशी भएको कुरा यहाँ व्यक्त गरेका छन् । पावललाई भेट्न जानेः स्तिफनस, फोर्टुनाटस र अखाइकस थिए । उनीहरूले पावललाई धेरै आनन्दित तुल्याएका थिए । कोरिन्थीका विश्वासीको अनुपस्थितिमा स्तिफनस, फोर्टुनाटस र अखाइकसको उपस्थितिले रमाइलो र आनन्द तुल्याएका थिए । उनीहरूलाई सबैले उत्साहित तुल्याएको कुरा पावल बताउँछन् वा सम्भन्छन् । यस्ता व्यक्तिलाई आदर पनि गर्नुपर्छ है भनेका छन् । आदर, कदर र मान्यता दिनुपर्छ ।

हामीले पनि प्रभुको सेवामा लागेका र विश्वासीलाई सहायता गर्नेलाई आदर, कदर गर्नुपर्छ र हामी पनि उनीहरूमा समर्पित हुनुपर्छ । यो असल कुरा हो ।

## III. पावलले अन्तिम अभिवादन पठाएका छन् । (१ को. १६:१९-२४)

**Paul sends greeting to Corinthians.** (I Cor. 16:19-24)

### १) अभिवादन (Greetings)

पावलले सबैको तर्फबाट कोरिन्थीका मण्डली परिवारलाई अभिवादन “जय मसिह” पठाएका छन् । पावल भन्छन् कि एशियाका मण्डलीले उनीहरूलाई सम्भेर अभिवादन

पठाएका छन् । त्यस्तै अकिलास र प्रिस्किला र तिनीहरूको घरमा भएका मण्डलीले पनि तिनीहरूलाई हार्दिक अभिवादन पठाएका छन् । अरू सबै भाइहरूले पनि उनीहरूलाई अभिवादन पठाएको खबर पठाएका छन् । त्यतिबेला उनी चुम्बन गरेर अभिवादन गर्दथ्यो । पावलले पनि आफ्नै हातले अभिवादन लेखि पठाएका छन् ।

## २) प्रभुलाई प्रेम नगर्ने व्यक्ति श्रापित हुन्छ । (१ को. १६:२२)

**Those who do not love the Lord will be Cursed.** (I Cor. 16:22)

प्रभुलाई प्रेम नगर्ने व्यक्ति भनेको प्रभुको वचनमा विश्वास गरेर नबस्ने व्यक्ति हो । उहाँको आगमनको बेवास्ता गर्ने, उहाँलाई प्रेम नगर्ने व्यक्ति हो । प्रभुलाई प्रेम नगर्ने व्यक्ति श्रापित हुन्छ वा त दण्ड पाउँछ । प्रभु येशू खीष्ट न्याय गर्नको लागि आउँदै हुनुहुन्छ । कोरिन्थीमा प्रभुलाई प्रेम नगर्ने मानिस पनि थिए । त्यसकारण यो श्रापको घोषणा गरेका हुन् । पावल प्रभु येशूको आगमन धेरै उत्सुकताकासाथ हेरिरहेको वा पर्खिरहेका बुझिन्छ । पावल लेख्छन् कि “हे हाम्रा प्रभु, आउनुहोस् ।”

## ३) प्रभु येशूको अनुग्रह हामीलाई छ । (१ को. १६:२३)

**There is grace of Jesus Christ for us.** (I Cor. 16:23)

प्रभु येशूको अनुग्रह हामी सबैको लागि पावलले होस् भनेर परमेश्वरसँग मागिदिएका छन् । कोरिन्थीका विश्वासीलाई श्रापको चेतावनी दिए तापनि अनुग्रह मागिदिएका छन् । उहाँको अनुग्रह बिना कोही पनि बाँच्न सक्दैन र मुक्ति पाउन सक्दैन ।

## ४) पावलको प्रेम सबैको लागि छ । (१ को. १६:२४)

**These is Paul's love for everyone.** (I Cor. 16:24)

पावलले कोरिन्थीका विश्वासीलाई कडा चेतावनी दिए तापनि उनीहरूको लागि पावलको खीष्ट येशूमा प्रेम ठूलो थियो । पावलले तिनीलाई आत्मिक रूपमा प्रेम गरे । खीष्टले गर्नुभएको निस्वार्थ प्रेमले (AGAPE) पावलले उनीहरूलाई प्रेम गरे । उनी जस्तोसुकै खालको मानिस भए पनि पावलले खीष्टको प्रेमले उनीहरूलाई प्रेम गरे । प्रेमले असंख्य पाप ढाक्छ ।

हामीले मानिसलाई उनीहरु जस्तोसुकै व्यक्ति भए पनि खीष्टको प्रेमले प्रेम गर्नुपर्छ ।

## निष्कर्ष (Conclusion)

हामी ख्रीष्टियनहरू सतर्क वा होशियारी रहेर आफ्नो आत्मिक जीवन जिउनुपर्छ । हाम्रो विश्वासमा दृढ भइरहनुपर्छ अथवा विश्वास अडिग र स्थिर रहिरहनुपर्छ। साहसिलो र बलियो पनि हुनुपर्छ। हामीले गर्ने सबै काम प्रेममा गर्नुपर्छ ।

हामीले पनि टाढाका विश्वासीहरूलाई संचार वा अभिवादन गरेर सम्बन्ध राम्रो राखिराख्नुपर्छ । हामीले पनि गाली नै गरे तापनि वा चेतावनी दिए तापनि हाम्रो प्रेम विश्वासीहरूलाई प्रकट गरिरहनुपर्छ ।

# पास्टर डा. मंगलमान महर्जनद्वारा लिखित




**आत्मिक उन्नतिका लागि यी पुस्तकहरु पढ्ने गरौं ।**

**थोक तथा खुद्रा बिक्रीको लागि सम्पर्क**

**क्याइनोनिया समाज सेवा पुस्तक पसल**

**फोन नं.: ९८४१-३७१९२३**

**क्याइनोनिया पाटन ख्रीष्टिय मण्डली**

**पोष्ट बक्स नं. २४१५, काठमाडौं, नेपाल**

**फोन नं. ०१-५४३३८४२, ५४३३५६४, ई-मेलः** patanchurch@gmail.com

**बाइबलीय प्रवचनबारे तपाईंहरूका**
**कुनै प्रतिक्रिया भए हामीलाई लेख्नुहोस् ।**

**P.O. Box No. 2415, Kathmandu, Nepal | Tel.: +977-01-5433842, 01-5433564**
**E-mail: patanchurch@gmail.com**

# BOOK POST

पाउने :

**To :**

**क्वाइनोनिया**
**KOINONIA**
पो.ब.नं. २४१५, काठमाडौं, नेपाल ।
P.O Box No. 2145, Kathmandu, Nepal